नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ६ | फागुन २०८१ | फेब्रुवरी-मार्च २०२५

## सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस

# बैंक तथा वित्तीय संस्था सम्पत्ति शुद्धीकरणको माध्यम नबनुन्: गभर्नर अधिकारी



सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको अवसरमा सम्पत्ति शुद्धीकरण निवारण महाशाखाले माघ १४ गते अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र AML/CFT Committee का संयोजकहरूको सहभागिता थियो । सो अवसरमा गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थाहरू सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीका माध्यम बन्न नहुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "अवैध तथा आपराधिक क्रियाकलापबाट धन आर्जन गर्नेले थाहै नदिई अवैध सम्पत्तिको शुद्धीकरण गर्न हाम्रा बैंक तथा वित्तीय संस्थालाई माध्यम बनाइरहेका हुन सक्छन् यसबाट जोगिन के-कस्ता रोकथाममूलक कार्य गर्न सकिन्छ, संस्थाभित्र जोखिमको अवस्था र त्यसको असर के-कस्तो छ भन्ने विषयमा वित्तीय संस्थाहरू सधैं सजग र चनाखो रहनुपर्छ ।"

बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा हुनसक्ने लगानीसँग सम्बन्धित जोखिमको आवधिक स्व:मूल्याङ्कन गर्नुपर्नेमा गभर्नर अधिकारीले जोड दिनुभयो । "बैंक तथा वित्तीय संस्थाले एउटा समूह बनाएर आफ्नो संस्थाको AML/CFT सँग सम्बन्धित जोखिमको वार्षिक रूपमा स्वमूल्याङ्कन गर्नुपर्छ, जसलाई नियामक निकायले एकीकृत गरेर नियामकीय र सुपरिवेक्षकीय संयन्त्र विकास गर्नेछ ।" उहाँले भन्नुभयो । नेपाल राष्ट्र बैंकले औँल्याएका AML/CFT सँग सम्बन्धित कैफियतलाई गम्भीरतापूर्वक लिन समेत बैंक तथा वित्तीय संस्थालाई उहाँले निर्देशन दिनुभएको थियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित विषयमा जनचेतनाको स्तर पर्याप्त नभएको उल्लेख गर्दै यसको प्रभावकारिता अभिवृद्धिमा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बैंक तथा वित्तीय संस्थामा ग्राहकको बैंक खाता खोल्ने र रकम जम्मा गर्ने लगायतसँग सम्बन्धित कर्मचारीहरूमा AML/CFT ज्ञानको कमी रहेको उल्लेख गर्दै सो विषयमा तालिम तथा क्षमता विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सो अवसरमा वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले 'पारस्परिक मूल्याङ्कन र राष्ट्रिय जोखिम रणनीति' र उप-निर्देशक शिखा अधिकारीले AML/CFT को निरीक्षणका क्रममा देखिएका कैफियतहरूका सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसै गरी, नेपाल बैंकर्स सङ्घका अध्यक्ष सन्तोष कोइरालाले सम्पत्ति शुद्धीकरण निवारणका लागि नीतिगत अपेक्षा र कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

सो अवसरमा महाशाखाका निर्देशक आर्या जोशीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक मनोज गुरुङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ जारी भएको अवसरमा सरकारले यस वर्षदेखि माघ १४ गते 'सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस' मनाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार यस वर्ष पहिलो पटक उक्त दिवस मनाइएको हो । यस वर्षको नारा 'वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता' तय गरिएको थियो । ■